# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३ ) काठमाडौं, फागुन २८ गते २०६० साल ( अतिरिक्ताङ्क ७४

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना १

माननीय भूमिसुधार तथा व्यवस्था, वन तथा भू-संरक्षण र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री सर्वेन्द्रनाथ शुक्ल Nepal Sales Mission मलेसिया तथा International Tourism Bourse (ITB), 2004 को सन्दर्भमा आयोजना हुने कार्यक्रमहरूमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै २०६० साल फागुन २७ गते त्यसतर्फ जानुभएकाले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनुभएको भूमिसुधार तथा व्यवस्था, वन तथा भू-संरक्षण र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयहरूको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिसमा माननीय जनसंख्या तथा वातावरण, भौतिक योजना तथा निर्माण र सामान्य प्रशासन मन्त्री श्री बुद्धिमान तामाङ्ले सम्हाल्नु हुनेछ ।

### सूचना २

श्री ५ महाराजाधिराजबाट रिक्त हुन आएको राजपरिषद्को सचिव पदमा नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम श्री मदनप्रसाद अर्याललाई नियुक्त गरिबक्सेको छ ।

साथै सचिवको कार्यावधि ४ वर्ष तोकिबक्सेको छ ।

हुकुम बक्सेबमोजिम,
मी. सु. पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।